**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**
**मितिः १७ अप्रेल २०२४**
**समयः १८:५० – १९:०० बजे**

**प्रमुख समाचार**

१. लोकसभा चुनावको राजनीतिक खिचातानी बीच पश्चिम बङ्गालमा रामनवमीको अवसरमा बुधबार जुलुस निकालिएको छ । केही क्षेत्रमा टीएमसी नेताहरूको नेतृत्वमा अनि अन्य क्षेत्र हरुमा भाजपा नेताहरूको नेतृत्वमा जुलुस हरु निकालिएको छ |

२. पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले एउटा सामाजिक पोस्टमा श्रामनवमीको पावन अवसरमा सबैलाई शुभकामना । शान्ति अनि सद्भाव कायम गर्न सबैमा अपिल गरेकी छन् | विपक्षी दलका नेता सुवेन्दु अधिकारीले शहरको न्यू टाउन क्षेत्रमा जुलुसमा भाग लिएका थिए भने टीएमसी मन्त्री अरुप रोय र पार्टीका हावडा लोकसभा उम्मेदवार प्रसून बनर्जीले हावड़ा शहरमा जुलूसमा भाग लिएका थिए। भारतीय जनता पार्टी (भाजपा) का उम्मेदवार अर्जुन सिंहले रामनवमीको अवसरमा ब्यारकपुरमा शोभायात्राको नेतृत्व गरेका थिए।

३. बांकुडाए पुरुलियाए दुर्गापुरए आसनसोल र राज्यका अन्य स्थानहरूमा युवाहरूले जय श्री रामको नारा लगाएर जुलुस निकालेका थिए। यी यात्राहरूमा युवाहरूले हातमा तरवारका प्रतिकृतिहरू बोकेका थिए। प्रशासनले सार्वजनिक स्थलमा हतियार बोक्न प्रतिबन्ध लगाए पनि हावड़ामा जुलुसका क्रममा तरवार देखिएको थियो । भारतीय जनता पार्टी (भाजपा) का उम्मेदवार रथिन चक्रवर्तीका अनुसार रामनवमीको विधिअनुसार देवीको हतियारसहित पूजा गरिन्छ । यो एउटा परम्परा हो र यसमा कुनै पनि गैरकानुनी कुरा छैन ।

४. बर्दवानबाट भाजपाका उम्मेदवार दिलीप घोष पनि दुर्गापुरमा एक जुलुसमा तरवार बोकेका देखिन्थे। तृणमूल प्रमुख ममता बेनर्जीले विगत दुई दिनदेखि आरोप लगाउँदै आएकी थिइन् कि भाजपाले १९ अप्रिलमा हुने पहिलो चरणको मतदानअघि दुई समूहबीच झडप निम्त्याउन रामनवमी उत्सवको प्रयोग गर्नेछ र आफ्ना पार्टीका कार्यकर्ताहरूलाई उत्पीडन गर्न एनआईए जाँचको लागि मार्ग प्रशस्त गर्नेछ। मुख्यमन्त्रीले जनतालाई भाजपाको फन्दामा नपर्न आग्रह गरेका थिए।

**रामनवमी – पहाड़ समतल**

उत्तर बंगालका ८ जिल्लाहरू दार्जीलिङ, कालेबुङ , जलपाईगुड़ी , अलिपुरद्वार , कूचबिहार , उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर तथा मालदा जिल्लाका प्रायः सबै इलाकाहरूमा आज भव्य रूपमा शोभायात्रा तथा धर्मिक जुलुसका साथ सम्पन्न भएको छ। उत्तर बंगालभरी लाखौं मानिसहरूले शोभायात्राहरूमा सामेल भएका थिए। दार्जीलिङ र कालेबुङ जिल्लाका कैंयान सन्साना शहर , नगर ठाउँहरू जस्तै दार्जीलिङ बजार, बिजनबारी, सुकिया पोखरी , घूम-जोरबंगलो, सोनादा ,खरसांग बजार , मिरिक बजार , सिलगड़ीका कैंयन इलाकाहरू साथ कालुबुङमा परम्परागत ढत्रंगमा बाजा-गाजा भक्तिभजन, झाँकीहरूकासाथ शोभयत्राहरू निकालियो जसमा विभिन्न संघ -ससंस्था, समाज र वर्गका मानिसहरू श्री रामका झण्डा लहराउँदै जय श्री रामका उद्घोषका साि सहभागिता गरे। दार्जीलिङमा बजारको ठककूरबाड़भ देखि नगर परक्रिमा गर्दै -चौरस्ता हुन्दै महाकाल ड़ाँड़ामा प्रसाद वितरणका साथ रामनवमी उत्सवस

सम्पन्न भयो भने खरसांगमा रेलवे स्टेशनदेखि शुरू भएको  शोभायत्रा बजाकरो परिक्रमा गर्दै सम्पन्न भयो। यसै गरि मिरिकको सहमेन्दु देवी मन्दिरदेखि शुरू भएको शोभायत्रा नगर परिक्रमा गर्दै राम मन्दिरमा गएर  सम्पन्न भयो। यस अवसमरा सांस्कृति झाँकीहरू मुख्य आर्कषकका केन्द्र थिए। कालेबुङको मेलाटारदेखि शुरू भएको शोभ्ज्ञाायात्रा १० माईल हुन्दै मेनरोडमा आएर सम्पन्न भयो। यसरी ने सिलगड़ीको विभिन्न इलाकाहरू मल्लागुड़ी, मिलन मोड़ ,गाड़ी धूरा, बागडोगरा, नक्सलबाड़ी , सिलगगुड़ी शहरमा भव्य शोभायत्रा लिकालियो। मुख्य शोभायत्रा विश्व हिन्दु परिषदको तत्वाधनमा आयोजित गरियसो जहाँ परिषदका राष्ट्रिय महामंत्री संगठन मिलिन्ड परान्डे , उत्तरबंग महामंत्री लक्ष्मण अग्रवाल तथा दार्जीलिङका सांसद राजुविष्ट सहित हरीद्वारबाट आएको सन्त आनन्द ब्रहमचारीको विशेष उएपस्थिति थियो। शोभायात्रामा महिलाहरूले बाईकमा शोभायात्राको नेतृत्व गरीरहेका थिए भने पारम्परिक भेष- भूषामा सबै शोभायात्राहरूमा महिलाहरूको विशेष सहभागिता थियो। शोभायात्रा अधि भगवान श्री राम , माता जानकी, लक्ष्मण तथा हनुमान जी को विशेष पूजा अर्चना गरिएको थियो। मानिसहरूले आ-आफ्ना घरहरूमा भगवान श्री रामको पूजा अर्चना गरी अयोध्यामा भव्य श्री राम मन्दिर निमार्णका आनन्द व्यक्त गरिरहेको देखियो। यसपालीको शोभायत्रामा अयोध्याको श्री रामललाका चित्र भएको  फोटो ,बैनर, झण्डा पनि मुख्य आकर्षका केन्द्र देखिए।

****** ० ******

अयोध्या - राम नवमी

अयोध्यामा आज रामनवमी मेलाको रौनक देखिएको छ । नवनिर्मित श्री रामलला मन्दिरमा पहिलो पटक रामजन्मोत्सव मनाइएको छ । रामजन्मोत्सवले त्रेतायुगको दृश्य सिर्जना गरेको थियो, जसको भव्य कार्यक्रमलाई विश्वभरका सनातन धर्मका जनताले प्रत्यक्ष प्रसारणबाट हेरेका थिए। प्रशासनले मेला क्षेत्रलाई जोन, सेक्टर र उपक्षेत्रमा विभाजन गरी सुरक्षा व्यवस्था कडा पारेको थियो भने सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

****** ० ******

सूर्य तिलक

रामनवमीको अवसरमा आज दिउँसो १२ बजेर १६ मिनेटमा अयोध्या मन्दिरमा विराजमान भगवान रामलालाको मूर्तिको शिरमा सूर्य तिलक प्रज्वलन गरिएको छ । रामलल्लाको मूर्तिमा सूर्य तिलक ऐना र लेन्सहरू समावेश गर्ने विस्तृत संयन्त्रबाट सम्भव भएको हो।अयोध्या मन्दिरमा रामलालाको अभिषेकपछिको यो पहिलो रामनवमी हो । रामलालालाई 22 जनवरीमा प्रधानमन्त्री नरेन्द्र मोदीले अभिषेक गर्नु भएको थियो।भगवान रामको दर्शन गर्न आज बिहानैदेखि राम मन्दिरमा भक्तजनको भीड लागेको छ । मन्दिर ट्रस्टले विभिन्न एलईडी स्क्रिनको व्यवस्था गरेको छ । सरकारले अयोध्या सहरभरि भक्तजनहरूलाई उत्सव हेर्नको लागि सुविधा दिइरहेको छ

****** ० ******

प्रधानमन्त्री - राम लल्ला

प्रधानमन्त्री तथा भाजपाका बरिस्ट नेता नरेन्द्र मोदीले आज रामलालाको सूर्य तिलक डिजिटल माध्यमबाट हेर्नु भयो। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले लाखौं भारतीयहरू जस्तै, यो उहाँको लागि पनि भावनात्मक क्षण रहेको बताउनु भयो। उहाँले अयोध्याको भव्य रामनवमी ऐतिहासिक भएको भन्नुहुँदै सूर्य तिलकले सबैको जीवनमा उर्जा प्रवाह गरोस् भन्ने कामना गर्नु भयो । उहाँले यो तिलकले राष्ट्रलाई गौरवको नयाँ उचाइमा पुग्न प्रेरणा प्रदान गरोस् भन्ने कामना पनि गर्नु भयो ।

****** ० ******

**लोकसभा चुनाव.पहलो चरण प्रचार समाप्त**

लोकसभा चुनावको  पहलो चरणको प्रचारको आज अंतिम दिन हो। प्रचार आज बेलुकी पांच बजे समाप्त हुनेछ।

सबै राजनीतिक दलका नेता मतदाताहरुलाई आकर्षण गर्न जोड तोडले लागि परेका छन्। १७ राज्य अनि चार केन्द्र शासित प्रदेशको एक सय दुइ निर्वाचन क्षेत्रमा शुक्रवार मतदान गरिनेछ। जसमा तमिलनाडु ३९ए राजस्थानको १२ए उत्तर प्रदेशको आठए मध्य प्रदेशको छए उत्तराखंडए असम अनि महाराष्ट्रको पांच.पांचए बिहारको चारए पश्चिम बंगालको तीनए अरूणांचल प्रदेशए मणिपुरए मेघालयको दुइ दुइ तथा छत्तीसगढ मिजोरमए नागालैंडए सिक्किमए त्रिपुराए अंडमान. निकोबारए जम्मू.कश्मीर लक्षद्वीप अनि पुदुचेरीका एक.एक सीटको निम्ति यस चरणमा मतदान हुने तय छ।

****** ० ******

**अलिपुरद्वार मनोज तिग्गा**

19 अप्रेलमा अलिपुरद्वारमा लोकसभा चुनावको पहिलो चरणको मतदान हुँदैछ। आज चुनाव प्रचारको अन्तिम दिन हो। यसै कारणले भाजपाका उम्मेदवार मनोज तिग्गाले बुधबार बिहानैदेखि आफ्नो चुनाउ प्रचार-प्रसार सुरु गर्नुभयो। यस दिन बीरपाडाको बन्दपानी चिया बगान क्षेत्रमा प्रचारका क्रममा विभिन्न दलका करिब १५० जना भाजपामा सामेल भए। स्रोतका अनुसार आरएसपीका मनोज ठाकुर, कांग्रेस नेता कञ्चन छेत्रीलगायत थुप्रै आरएसपी र कांग्रेस कार्यकर्ता भाजपामा सामेल भएका छन्। भाजपा उम्मेदवार मनोज तिग्गाले सबैलाई भाजपाको झण्डा दिएर पार्टीमा स्वागत जनाउनु भयो। मनोज तिग्गाले आरएसपी र कांग्रेसका नेता र कार्यकर्ता भाजपामा सामेल हुँदा भाजपा बलियो भएको मन्तव्य पोख्नु भयो।

****** ० ******

**कंग्रेस प्रार्थी डा. मुनिष तामङ**

चुनाउ प्रचारको क्रममा बुधवार कंग्रेस प्रार्थी डा. मुनिष तामङ बिजनबारी पुग्नु भयो। बिजनबारी बजारमा एउटा चुनावी सभालाई सम्बोधन गर्दै उहाँले बिजनबारीका विविध समस्याहरू आफूले आफ्नै आँखाले देखेको बताउनुभयो। उहाँले यसपालि झूट र भ्रष्टाचारलाई होइन... गोर्खालाई न्याय दिने पार्टीलाई नै भोट हाल्नुपर्ने बताउनु भयो। यदि गोर्खालाई कसैले न्याय दिन्छ भने त्यो केवल कंग्रेस पार्टीले मात्र दिनसक्ने उहाँको भनाइ थियो।

****** ० ******

**कुचबिहार- राज्यपाल**

लोकसभा चुनावको पहिलो चरण शुक्रबार अर्थात् 19 अप्रेलबाट सुरु हुँदैछ। पहिलो चरणमा पश्चिम बंगालका कुचबिहार, जलपाईगुडी र अलीपुरद्वारमा मतदान हुँदैछ। चुनावलाई ध्यानमा राखेर पश्चिम बंगालका राज्यपाल सीवी आनन्द बोसले त्यस दिन कुचबिहारमा बस्ने निर्णय गर्नु भएको छ। राजभवन सूत्रअनुसार राज्यपाल सीवी आनन्द बोस भोलि बिहान उत्तर बंगालको भ्रमण गर्नु हुनेछ। शुक्रबार कुचबिहार, जलपाईगुडी र अलीपुरद्वारमा मतदान हुँदैछ, त्यसैले राज्यपाल आफैले सुरक्षा जाँच गर्ने भएका छन्। यद्यपि सुरक्षाको दृष्टिकोणले निर्वाचन आयोगले त्यहाँ दुईवटा विशेष पर्यवेक्षक राखेको छ, तर पनि राज्यपाल आनन्द बोसले चुनावको समयमा कुचबिहारमै बसेर मतदान प्रक्रियामा नजर राख्न बताइएको छ।

****** ० ******

**बीजीपीएम-टीएमसी चुनावी ऱ्याली**

दार्जिलिङ संसदीय सीटमा मतदानको समय जति-जति नजिकिँदै जाँदैछ चुनाउ प्रचारले त्यति नै जोर पक्रिँदै जाँदैछ। चुनाउ प्रचारको क्रममा भागोप्रमो-टीएमसी उम्मेदवार गोपाल लामाको पक्षमा आज सुकनादेखि खरसाङसम्म जुलुस निकालियो। सुकनामा एउटा चुनावी जनसभापछि जुलुस मुख्य मार्ग हुँदै खरसाङका लागि प्रस्थान भयो। भागोप्रमो अध्यक्ष अनित थापा, प्रार्थी गोपाल लामासहित सैंकडौँ पार्टी समर्थकहरूले बाटोमा मानिसहरूको अभिवादन गर्दै चुनाउ प्रचार गरे तथा ठाउँ ठाउँमा मानिसहरूको भीडलाई सम्बोधित गरे। खरसाङ रेलवे स्टेशनमा एउटा ठुलो जनसभा आयोजना गरिएको थियो। जनसभालाई सम्बोधन गर्दै भागोप्रमो अध्यक्ष अनित थापाले 2017 को हिंसापछि आफू जीटीए प्रमुख कार्यपाल बनेपछि पहाडमा शान्ति, विकास र राम्रो परिवेश बनाएको दाबी गर्दै पहाडको गरिमा गौरव फर्काइल्याउन गोपाल लामालाई विजयी बनाउने आह्वान गरे। गोर्खाल्याण्ड कुनै पार्टको मुद्दा होईन यो समस्त गोर्खा समुदायको मुद्दा हो भन्दै गोर्खाल्याण्डलाई चुनावी पेवा बनाउने

दलहरूमाथि उनले कडा प्रहार गरे। गोपाल लामाले आफू खरसाङको छोरो, भूमिपुत्र रहेकोले एकपल्ट संसद पुग्ने मौका दिन भनी जनतासित अपील गरे। जनसभापछि बजारमा एउटा र्‍याली पनि निकालियो। यसपालि यस सीटमा मुख्य प्रतिस्पर्धा बीजेपी र टीएमसीबीच छ। 26 अप्रेलको दिन दार्जिलिङ आसनमा मतदान हुनेछ।

****** ० ******

**बंगाल सफारी बाघिन**

बंगाल सफारी पार्कका अधिकारीहरूले बाघिन शीलाका पाँचवटै नयाँ शावकहरूको लिंग निर्धारण गरेका छन्। सफारी सूत्रअनुसार पाँचवटा शावकहरूमा एक नर र चार मादा छन्। आमा सहित सबै पाँचवटा नानीहरू हाल स्वस्थ छन्। उल्लेखनीय छ, बंगाल सफारीकी बाघिन शीलाले गत मार्चको शुरूआतमा पाँचवटा शावकलाई जन्माए दिएकी थिई। राज्य चिड़ियाघर प्राधिकरण (पश्चिम बंगाल चिड़ियाघर प्राधिकरण)- का सदस्य सचिव सौरभ चौधरीले बताएअनुसार बाघिन शीलाले मार्चको प्रारम्भमा पाँचवटा शावक जन्माएकी थिई। आमा र पाँचैवटा शावकहरू स्वस्थ छन्। शावकहरूलाई विशेष ध्यान दिइँदैछ। संक्रमणदेखि बच्नको साथै शीलाले आफ्ना शावकहरूको हेरचाह गरोस् भनेर केही सप्ताहपछि शावकहरूको लिंग निर्धारण गरिएको हो ।

****** ० ******

मुर्शिदाबाद जिलला बम बिस्फोट

मुर्शिदाबाद जिललाको रेजिनगर थाना अन्तर्गत नाजिरपुर पश्चिमपाड़ामा एक काठ मिलपछि भएको विस्फोटलाई लिएर राजनीतिक बयानबाजी शुरू भएको छ। यधपि यस घटनामा कुनै प्रकारको हताहत भएको खबर छैन। सूचना पाउन बितिकै बम निरोधक टोलि घटनाको जांचको लागि घटनास्थल पुगे| सूत्र अनुसार, मंगलवार बेलुकी भएको विस्फोटका कारण क्षेत्र धुवाले ढाकेको थियो । स्थानीयहरुले पहिले विद्युत गड़बड़ीका कारण ट्रांसफार्मर पर्केको अनुमान गरेका थिए। तर, केहि समयपछि लगातार धमाका भएपछि क्षेत्रमा आतंक फैलिएको थियो। चुनावको मुखमा भएको यस विस्फोटलाई लिएर राजनैतिक घमासान शुरू भएको छ। तृणमूलले आरोप लगाएको अनुसार लोकसभा चुनाव भय सृजना गर्न कांग्रेस समर्थित बदमाशहरुले जम्मा गरेको बम विस्फोट भएको हो । अर्कोतिर रेजीनगर ब्लॉक कांग्रेस अध्यक्ष मिंटू सिंहले आरोप लगाउदै भन्नु भएको छ 'रेजीनगरका तृणमूल विधायकका समर्थकहरुले मिलको पछि बम राखेको जो गर्मीको कारण विस्फोट भएको हो ।

****** ० ******

**कुचबिहार- राज्यपाल**

लोकसभा चुनावको पहिलो चरण शुक्रबार अर्थात् 19 अप्रेलबाट सुरु हुँदैछ। पहिलो चरणमा पश्चिम बंगालका कुचबिहार, जलपाईगुडी र अलीपुरद्वारमा मतदान हुँदैछ। चुनावलाई ध्यानमा राखेर पश्चिम बंगालका राज्यपाल सीवी आनन्द बोसले त्यस दिन कुचबिहारमा बस्ने निर्णय गर्नु भएको छ। राजभवन सूत्रअनुसार राज्यपाल सीवी आनन्द बोस भोलि बिहान उत्तर बंगालको भ्रमण गर्नु हुनेछ। शुक्रबार कुचबिहार, जलपाईगुडी र अलीपुरद्वारमा मतदान हुँदैछ, त्यसैले राज्यपाल आफैले सुरक्षा जाँच गर्ने भएका छन्। यद्यपि सुरक्षाको दृष्टिकोणले निर्वाचन आयोगले त्यहाँ दुईवटा विशेष पर्यवेक्षक राखेको छ, तर पनि राज्यपाल आनन्द बोसले चुनावको समयमा कुचबिहारमै बसेर मतदान प्रक्रियामा नजर राख्न बताइएको छ।

****** ० ******